annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६७, पृष्ठ ८ | काठमाडौं, सोमबार २२ असार २०८३ | आषाढ कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४६ | MONDAY, JULY 6, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# प्रदेशका बजेटमा लुछाचुँडी

## कतै प्रदेशसभा अवरोध, कतै सत्तापक्षमै भाँडभैलो

सिंहदरबारको स्रोत, अधिकार र शक्तिलाई बाँडफाँट गरेर ७ प्रदेश सरकार बने। तर, उनीहरूका बजेटमा यतिसम्म मनपरीतन्त्र चल्यो कि, सत्तासीन दलभित्रै भाँडभैलो मच्चिएको छ। सुदूरपश्चिममा सत्तासीन दलकै सांसदको तीव्र असन्तुष्टिका कारण प्रदेशसभामा बजेट पेस भएको छैन। मधेस प्रदेशसभा अवरुद्ध छ। लुम्बिनीमा अर्थमन्त्रीले एकलौटी गरेको भन्दै सत्तापक्षकै सांसद असन्तुष्ट छन्।

**शिवराज भट्ट** | *धनगढी*
**केशरराज क्षेत्री** | *बुटवल*
**गोविन्द महतो** | *जनकपुरधाम*

समाचार पृष्ठ २




## भारतद्वारा तेल अन्वेषण विस्तार गर्ने योजना

**नयाँ दिल्ली** (एजेन्सी): मध्यपूर्वको तनावका कारण ऊर्जा आपूर्तिमा अवरोध आएपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ। विश्वकै तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपीजी आयातकर्ता भारतले अमेरिका-इरान द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज'मा लागेको प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा ठूलो अवरोध सामना गर्नु परेको थियो।

हाल अमेरिका र इरानबीच युद्ध रोक्ने अस्थायी सहमति भएपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुन: सुरु भएको छ भने बजारमा मूल्य पनि स्थिर हुन थालेको छ। भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदिपसिंह पुरीले हालसम्म अन्वेषण नगरिएको करिब २ लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल खानी उत्खननका लागि भारत सरकारले बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको जानकारी दिए। भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५/२६ मा स्वदेशी कच्चा तेलको उत्पादन २ करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो।

# फास्ट ट्र्याकको प्रस्थानविन्दु अझै टुंगिएन

### ६ विकल्पसहितको संशोधित डीपीआर

**अजवी पौड्याल** | *काठमाडौं*

राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजनाको प्रस्थानविन्दु (स्टार्टिङ प्वाइन्ट) अझै टुंगो लाग्न सकेको छैन। आयोजनाको समग्र भौतिक तथा वित्तीय प्रगति करिब ४९ प्रतिशत पुगिसकेको भए पनि प्रस्थानविन्दुबारे सरकारी निर्णय हुन नसक्दा आयोजना प्रभावित बनेको छ । प्रस्थानविन्दु खोकनामै रहने कि फर्सिडोल सार्ने भन्नेमा विवाद छ।

नेपाली सेनाको आग्रहमा पुल्चोक इन्जिनियरिङ क्याम्पसका इन्जिनियरहरूले अध्ययन गरी ६ वटा विकल्पसहितको संशोधित विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरेका छन्। नेपाली सेनाले केही दिनअघि उक्त डीपीआर रक्षा मन्त्रालयमा बुझाएको छ। डीपीआरमा विवादित क्षेत्रको विकल्पसहित प्रस्थानविन्दु कहाँ र कसरी निर्धारण गर्न सकिन्छ भन्ने विभिन्न प्रस्ताव समेटिएको छ। यसअघि तयार गरिएको डीपीआरमा छुटेका प्राविधिक विषयसमेत नयाँ प्रतिवेदनमा समावेश गरिएको जनाइएको छ।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतका अनुसार, प्रस्थानविन्दु कहाँ रहने भन्ने विषयमा सरकारले हालसम्म कुनै निर्णय गरेको छैन। विवाद समाधान हुन नसकेको क्षेत्रमा कसरी निर्माण अघि बढाउने भन्ने विषयमा भने सम्बन्धित निकायसँग छलफल भइरहेको उनले बताए। 'यो प्रक्रियागत विषय हो। विभिन्न विकल्पसहितको डीपीआर तयार गरेर रक्षा मन्त्रालयमा पठाएका छौं। अध्ययन र निर्णयको प्रक्रिया जारी छ। सरकारले निर्णय गरेपछि मात्रै प्रस्थानविन्दु कहाँ रहने भन्ने सार्वजनिक हुनेछ,' प्रवक्ता बस्नेतले भने। उनका अनुसार पुल्चोक इन्जिनियरिङ क्याम्पसका विशेषज्ञहरूले अध्ययन गरी विकल्प तयार गरेका हुन् र आयोजनाको समग्र निर्माण कार्य निर्धारित समयसीमाभित्र सम्पन्न गर्ने लक्ष्यअनुसार काम भइरहेको छ। यसअघि स्वीकृत डीपीआरअनुसार द्रुतमार्गको प्रस्थानविन्दु खोकनामा रहने व्यवस्था गरिएको थियो। तर, खोकनामा जग्गा अधिग्रहण, स्थानीयको विरोध तथा धार्मिक-सांस्कृतिक सम्पदासम्बन्धी विवाद समाधान हुन नसक्दा उक्त क्षेत्रमा निर्माणकार्य सुरु हुन सकेको छैन।

यही कारण प्रस्थानविन्दुलाई वैकल्पिक स्थानमा सार्ने विषयमा अध्ययन गरिएको हो।

बाँकी पृष्ठ ६

## ओपेक प्लसद्वारा तेल उत्पादन कोटा बढाउने तयारी

**लन्डन** (एजेन्सी): मध्यपूर्वको तनाव बिस्तारै कम हुँदै गएपछि पेट्रोलियम निर्यातक देशहरूको संगठन (ओपेक प्लस) ले तेलको उत्पादन कोटा बढाउने सम्भावना देखिएको छ। साउदी अरब र रुससहित सात प्रमुख सदस्य राष्ट्रहरूले आगामी अगस्ट महिनाको उत्पादन परिमाणबारे भर्चुअल बैठकमार्फत छलफल गर्दै छन्। स्विस बैंक 'यूबीएस' का वस्तु (कमोडिटी) विश्लेषक जियोभानी स्टोनोभोका अनुसार ओपेक प्लसले अघिल्ला महिनाहरूमा गरिएको उत्पादन कटौतीलाई क्रमश: फिर्ता गर्दै दैनिक करिब १ लाख ८८ हजार ब्यारेल तेल उत्पादन बढाउन सक्ने देखिएको छ।

मध्यपूर्वको द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज' मा सिर्जित अवरोधले विश्व बजारमा तेलको आपूर्ति प्रभावित बनाएको थियो। तर, हालै इरान र अमेरिकाबीच भएको सम‌झदारीपछि समुद्री मार्गमा आवागमन सहज भएको छ। आपूर्ति प्रणाली सामान्य बन्दै गएपछि तेलको मूल्य युद्धपूर्वको अवस्थामा फर्किएको छ भने दैनिक आपूर्ति पनि पुन: बढ्न थालेको छ।

# बिदेसिँदै वैज्ञानिक, धमाधम हटाउँदै नार्क

**नितु घले** | *काठमाडौं*

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले अध्ययनका लागि भन्दै बिदेसिएका २५ जना वैज्ञानिकलाई सेवाबाट हटाउने प्रक्रिया अघि बढाएको छ। १८ जनालाई हटाइसकेको छ। नार्कले यसै साता राष्ट्रिय जैविक प्रविधि अनुसन्धान केन्द्र, खुमलटारका वैज्ञानिक (एस १) तहका नमीता भट्टराई र कृषि अनुसन्धान निर्देशनालय, सुनसरीका निर्देशक पार्वती जोशीलाई हटाउने निर्णय गरेको छ।

नार्कका प्रवक्ता डा. भानुभक्त पोखरेलका अनुसार भट्टराई र जोशी अध्ययन बिदामा बिदेसिएको ५ वर्ष पूरा भइसकेको छ। तर, नफर्किएपछि सेवाबाट हटाउने निर्णय गरिएको पोखरेलले बताए।

विदेश अध्ययनका लागि वैज्ञानिकलाई सुरुमा ३ वर्ष बिदा दिइन्छ। तर, भट्टराई र जोशीले अध्ययनका लागि थप गरी ५ वर्षको बिदा लिएर गएका थिए। अध्ययन पूरा गरे पनि स्वदेश नफर्केपछि उनीहरूलाई सेवाबाट हटाउने निर्णय भएको पोखरेलले जानकारी दिए। पोखरेलले भने, 'समयभित्र नआएपछि सेवाबाट हटाउने गरेका छौं। उनीहरूले खाएको तलब फिर्ता गर्नुपर्ने हुन्छ।' जोशी अध्ययनको सिलसिलामा अमेरिका गएकी थिइन्।

पोखरेलले भने, 'अध्ययनका लागि बिदेसिएर सम्पर्कमा नआएका १८ जना कर्मचारीलाई सेवाबाट हटाइसकेको छ। थप २५ जनालाई हटाउने प्रक्रिया अघि बढेको छ।' अध्ययनका क्रममा बिदामा बसेको समय अर्को कर्मचारी राख्न मिल्दैन। कर्मचारी रिक्त हुँदा काममा पनि अवरोध हुन्छ । त्यसैले त्यस्ता कर्मचारीलाई हटाउनुपर्ने अवस्था आउँछ।

पोखरेलका अनुसार अध्ययन गर्न विदेश गएपछि उनीहरूले प्रत्येक ६ महिनामा रिपोर्ट पठाउनुपर्ने हुन्छ। ६ महिनामा रिपोर्ट नपठाएमा उनीहरूको तलब काटिन्छ । उनीहरूले आफैंले रिपोर्ट नपठाएमा उनीहरूलाई पढाउने प्रोफेसरलाई सम्पर्क गर्ने गरिन्छ। त्यसपछि अखबारमा सूचना प्रकाशित गरेर सम्पर्कमा आउन आह्वान गरिन्छ। त्यति गर्दा पनि सम्पर्कमा नआउने कर्मचारीहरूलाई सेवाबाट हटाइने गरेको नार्कले जनाएको छ।

पोखरेलका अनुसार, कतिपय वैज्ञानिकहरू अध्ययनका क्रममा जाने र घरपरिवारलाई आफैंसँग लगेर उतै पढाउने गर्छन्। कतिपयले घरपरिवार पनि उतै सेटल गर्ने गर्छन्। अध्ययन सकेपछि विश्वविद्यालयहरूले कामका लागि प्रस्ताव गर्छन्। त्यसैकारण पनि उनीहरू फर्किएर आउँदैनन्। विदेशमा नै अध्ययन, तालिम र अनुसन्धानपछि उनीहरूले अब्बल भइसकेका हुन्छन् र उतै राख्न खोज्छन्। त्यसैले पनि फर्किंदैनन्। त्यसका लागि राज्यले लगानी गरेर वैज्ञानिकहरूका लागि राम्रो वातावरण बनाउन खोजिरहेको उनले बताए। नार्कले पनि राम्रो अवसरका लागि पहल गरिरहेको बताए।



> अवसर कहाँ छ, सम्भावना कता छ। त्यतै जाने गरिन्छ। कसैलाई रोक्न सकिँदैन। कृषिलाई लो प्रोफाइलमा राखिन्छ। त्यसैले यस्तो नतिजा आएको हो।
>
> **हरिकृष्ण उप्रेती,**
> पूर्ववैज्ञानिक नार्क

> अध्ययनका लागि बिदेसिएर सम्पर्कमा नआएका १८ जनालाई सेवाबाट हटाइसकेको छ। अन्य थप २५ जनालाई हटाउने प्रक्रिया अघि बढेको छ।
>
> **डा. भानुभक्त पोखरेल,**
> प्रवक्ता, नार्क

**राम्रो अवसरले तान्यो: हरिकृष्ण उप्रेती (पूर्ववैज्ञानिक नार्क)**

नार्कबाट अवकाश लिएका वैज्ञानिक हरिकृष्ण उप्रेती राम्रो अवसर पाउने भएकाले नै बिदेसिएकाहरू नफर्किने गरेको बताउँछन्।

बाँकी पृष्ठ ६

